# आठराई त्रिवेणी गाउँपालिका करारमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी छनौट परीक्षा संचालन सम्वन्धी कार्यविधि

२०८०

आठराई त्रिवेणी गाउँपालिका
हाङपाङ, ताप्लेजुङ

Scanned with OKEN Scanner

"आठराई त्रिवेणी गाउँपालिका करारमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी छनौट परीक्षा संचालन सम्वन्धी कार्यविधि २०८०"

नेपालको संविधान २०७२ ले दिएको अधिकारलाई सार्थक तुल्याउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र आठराई त्रिवेणी गाँउपालिका शिक्षा शिक्षा ऐन, २०७८ तथा शिक्षा नियमावली, २०७९ बमोजिम नियम वनाई लागु गर्न पाउने अधिकारलाई उपयोग गरी यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा करारमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी तथा अन्य अनुदान शिक्षकहरुको करारमा नियुक्ती गर्न संचालन गरिने परीक्षामा विद्यालयको खर्च हुने भएकोले उक्त खर्चलाई व्यवस्थापन तथा परीक्षा प्रणालीलाई व्यवस्थापन गर्न आवश्यक "आठराई त्रिवेणी गाउँपालिका करारमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी छनौट परीक्षा संचालन सम्वन्धी कार्यविधि २०८०" कार्यपालिका बैठकले यो निर्देशिका पारित गरी जारी गरेको छ ।

परिच्छेद-- १

१. संक्षिप्त नाम र प्रारम्भ - (१) "आठराई त्रिवेणी गाउँपालिका करारमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी छनौट परीक्षा संचालन सम्वन्धी कार्यविधि २०८०" रहने छ ।

२. यो निर्देशिका कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

परिभाषा वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा-

(क) "विद्यालय" भन्नाले नेपाल सरकारको संघीय शिक्षा ऐन, नियमावलीमा स्थापित प्रारम्भिक विकास केन्द्र देखि कक्षा १२ सम्म अध्यापन गराइने शैक्षिक संस्थालाई बुझाउँछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आठराई त्रिवेणी गाउँपालिका शिक्षा ऐन, २०७८ लाई सम्झनुपर्छ ।

(ग) "नियमावली" भन्नाले आठराई त्रिवेणी गाउपालिकाको शिक्षा नियमावली, २०७९ लाई सम्झनुपर्छ ।

(घ) "गाउँ सभा" भन्नाले आठराई त्रिवेणी गाँउपालिकाको गाँउसभालाई सम्झनु पर्ने ।

(ङ) "कार्यपालिका" भन्नाले आठराई त्रिवेणी गाँउपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) "शिक्षा समिति" भन्नाले आठराई त्रिवेणी गाँउपालिका शिक्षा ऐन, २०७८ को आधारमा गठित गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठराई त्रिवेणी गाँउको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "शाखा" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको शिक्षा सम्बन्धी काम गर्ने शाखालाई बुझाउछ ।

(झ) "शिक्षा शाखा प्रमुख" भन्नाले शिक्षा शाखामा काम गर्ने शाखा प्रमुख वा सो काम गर्न तोकिएको शिक्षा शाखाको कर्मचारी भनी बुझाउछ ।

(ञ) "वडा समिति" भन्नाले आठराई त्रिवेणी गाँउपालिकाको वडा समिति बुझ्नुपर्छ ।

(ट) "विद्यालय निरिक्षक" भन्नाले गाउँपालिकाको शिक्षा शाखा अन्तर्गत काम गर्न तोकिएको शिक्षा समुहको अधिकृत कर्मचारी भन्ने बुझाउन्छ ।

(ठ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले आठराई त्रिवेणी गाँउपालिका शिक्षा ऐन, २०७८ (संसोधनसहित) को आधारमा गठित विद्यालयको व्यवस्थापन समिति भन्ने बुझाउछ ।

(ड) "शिक्षक अभिभावक संघ" भन्नाले आठराई त्रिवेणी शिक्षा नियमावली, २०७९ को आधारमा गठित शिक्षक र अभिभावकहरुको समिति पनि बुझाउछ ।

(ढ) "प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी" भन्नाले विद्यालयमा शिक्षण सिकाइ प्रयोजनकालागि नियमानुसार नियुक्त प्रधानाध्यापक, शिक्षक (अनुदान शिक्षक समेत), वालविकास सहजर्ता, कार्यालय सहायक, कार्यालय सहयोगी लगायतका नियमानुसार नियुक्त शिक्षक तथ कर्मचारी भन्ने बुझाउछ ।

Scanned with OKEN Scanner

(ण) "परीक्षा" भन्नाले आठराई त्रिवेणी भित्रका सामुदायिक विद्यालयमा रहेको रिक्त पदमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको करार नियुक्तिका लागि गाउँपालिकाले संचालन गर्ने लिखित, अन्तर्वार्ता तथा आवश्यकताका आधारमा संचालन गरिने प्रयोगात्मक परीक्षालाई सम्झनुपर्दछ ।

(त) "परीक्षा खर्च" आठराई त्रिवेणी भित्रका सामुदायिक विद्यालयमा रहेको रिक्त पदमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको करार नियुक्तिका लागि गाउँपालिकाले संचालन गर्ने परीक्षामा लाग्ने खर्च भन्ने वुझाउछ ।

(थ) "अनुगमन" आठराई त्रिवेणी भित्रका सामुदायिक विद्यालयमा रहेको रिक्त पदमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको करार नियुक्तिका लागि गाउँपालिकाले संचालन गर्ने परीक्षाको अनुगमन गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षले गर्ने अनुगमनलाई वुझाउछ ।

(द) "केन्द्रध्यक्ष" भन्नाले आठराई त्रिवेणी भित्रका सामुदायिक विद्यालयमा रहेको रिक्त पदमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको करार नियुक्तिका लागि गाउँपालिकाले संचालन गर्ने परीक्षा संचालन गर्नका लागि तोकिएको व्यक्तिलाई केन्द्राध्यक्ष वुझाउछ ।

(ध) "निरिक्षक" आठराई त्रिवेणी भित्रका सामुदायिक विद्यालयमा रहेको रिक्त पदमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको करार नियुक्तिका लागि गाउँपालिकाले संचालन गर्ने परीक्षा संचालनको लागि निरिक्षक परिक्षा समितिले तोकेको गाउँपालिका अन्तर्गतका कर्मचारी वुझाउछ ।

(न) "विषयविज्ञ" भन्नाले गाउँपालिका शिक्षा ऐन, २०७८ मा व्यवस्था भएको विषयविज्ञ सम्झनुपर्दछ ।

(त्र) "दण्ड सजाय" भन्नाले आठराई त्रिवेणी गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा रहेको रिक्त पदमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको करार नियुक्तिका लागि गाउँपालिकाले संचालन गर्ने परीक्षालाई प्रतिकुल असर पर्ने गरी कार्य गर्ने परीक्षा संचालन गर्ने पदाधिकारी, अनुगमन कर्ता, परीक्षार्थी तथा अन्य व्यक्तिहरुलाई प्रचलित कानून अनुसार हुने सजाय भनि बुझाउछ ।

## परिच्छेद - २

३. प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको करार नियुक्तिका लागि गाउँपालिकाले संचालन गर्ने परीक्षा सम्वन्धि व्यवस्थाः

क) स्थायी पदपुर्ती हुने पदमा पदपुर्ती हुन भन्दा अगाडी र स्थायी नियुक्ति नहुने पदमा विद्यालयमा रहेको रिक्त पद करारमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता र विद्यालय कर्मचारी नियुक्तिका लागि विद्यालयले सम्वन्धित निकायवाट अनुमति लिई गाउँपालिकालाई विज्ञापनको गर्नका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित रिक्त भएको मितिले १५ दिन भित्रमा विज्ञापन माग निवेदन पेश गर्नु पर्नेछ ।

ख) विद्यालयवाट प्राप्त विज्ञापन माग निवेदन वमोजिम आवश्यक प्रक्रिया पुरा गरी गाउँपालिकाले विज्ञापन आव्हान गरी शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम परीक्षा संचालन गर्नु पर्नेछ ।

ग) परीक्षामा सफल उम्मेद्वारलाई आठराई त्रिवेणी गाउँपालिका करारमा प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी छनौट समितिले विद्यालय व्यवस्थापन समितिलाई नियुक्तिको लागि सिफारिस गरी विद्यालय व्यस्थापन समितिले नियुक्ति गरी हाजिर गराउनु गर्नुपर्नेछ ।

४. प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको करार नियुक्तिका लागि गाउँपालिकाले संचालन गर्ने परीक्षा दस्तुर सम्वन्धि व्यवस्थाः

क) प्रधानाध्यापक, शिक्षक, वालविकास सहजकर्ता, विद्यालय कर्मचारी तथा अन्य अनुदान शिक्षकहरुको करार नियुक्तिका लागि गाउँपालिकाले संचालन गर्ने परीक्षाको उल्लेखित परीक्षा दस्तुर गाउँपालिकाले तोकेको खातामा जम्मा गर्नुपर्नेछ ।

अ) प्रधानाध्यापक (आधारभुत तह) – रु. ७००।–

आ) प्रधानध्यापक (माध्यमिक तह) – रु. १०००।–

इ) शिक्षक (प्राथमिक तह) – रु. ५००।–

ई) शिक्षक (निम्न माध्यमिक तह) – रु. ७००।–

उ) शिक्षक (माध्यमिक तह) – रु. १०००।–

ऊ) बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी (लेखा वा कार्यलय सहायक) – रु. ५००।–

ऋ) विद्यालय कर्मचारी (कार्यलय सहयोगी) – रु. ३००।–

क) परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धी खर्च गाउँपालिकाको कार्य संचालन निर्देशिका २०८० बमोजिम हुनेछ ।

परिच्छेद - ३

९. दण्ड सजाय व्यवस्था:

क) सजाय सम्बन्धी व्यवस्था:

गाउँपालिकाले सामुदायिक विद्यालयको प्रधानाध्यापक, शिक्षक, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको परीक्षाको नियम विपरित कार्य गरेमा प्रचलित कानुन बमोजिम दण्ड सजाय हुनेछ ।

परिच्छेद - ४

१०. बचाउ:

क) यस निर्देशिका लागु हुनुपूर्व सामुदायिक विद्यालयहरुले प्रधानाध्यापक, शिक्षक, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको विज्ञापन गरेता पनि परीक्षा यसै कार्यविधि बमोजिम संचालन हुनेछ

श्रीमान अध्यक्षज्यू प्रमाणिकरणको लागि पेश गर्दछु

पेश गर्ने:-
भक्तबहादुर भट्टराई
प्रमुख प्रशासकिय अधिकृत
आठराई त्रिवेणी गाउँपालिका
पेश गरेको मिति:-

प्रमाणीकरण गर्ने :-
दिपेन्द्र पोमू
गाउँपालिका अध्यक्ष
आठराई त्रिवेणी गाउँपालिका ताप्लेजुङ
प्रमाणीकरणको मिति :-

Scanned with OKEN Scanner